# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### गभर्नर डा. खतिवडाद्वारा वालिङ उद्योग वाणिज्य संघको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन

गभर्नर डा.युवराज खतिवडाले गत पौष १४ गते वालिङ उद्योग वाणिज्य संघद्वारा आयोजित बैंक तथा व्यवसायीबीच अन्तरक्रिया कार्यक्रमको एक समारोहकाबीच उद्घाटन गर्नुभयो ।




उद्घाटनपश्चात् कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर डा. खतिवडाले व्यवसायीकताको कमीले गर्दा बैंक तथा उद्यमी दुबै जोखिमबाट पन्छिन चाहने गरेकाले आर्थिक क्षेत्रमा समस्या सृजना हुने गरेको कुरा बताउनु भयो । बैंक र व्यवसायी दुवै पक्ष मिलेर जोखिम बहन गर्दा उद्यमशीलता र व्यवसायिकता दुवैको विस्तार हुने धारणा राख्दै गभर्नर डा. खतिवडाले बैंकले ऋणीलाई कर्जा दिँदा लिने सेवा शुल्क बारे राष्ट्र बैंकको ध्यान आकृष्ट रहेको र बैंकहरूले लिने सबै प्रकारको शुल्क बारे ग्राहकलाई अग्रिम जानकारी गराउनु आवश्यक छ भन्नु भयो ।

बैंकसँगै मुलुकमा उद्यम व्यवसाय पनि फस्टाउनु पर्छ भन्ने तथ्यलाई बैंक तथा वित्तीय संस्थाले राम्ररी बुझ्नु पर्ने बताउदै गभर्नर डा. खतिवडाले आफ्नो सामाजिक उत्तरदायित्व बहन गर्दै सबैको हित हुने कार्यमा लाग्न बैंक तथा वित्तीय संस्थाको ध्यानाकर्षण गराउनु भयो । कृषि क्षेत्रमा लगानी गर्दा ग्रामीण अर्थतन्त्रको विकास हुने भएकोले बैंकहरुले पनि एक बैंक एक उत्पादनको नीति प्रवर्द्धन गर्न सकेमा यसले बैंक तथा कृषक दुबैको हित हुने तथ्यमाथि प्रकाश पार्नु भयो ।

क्षेत्रीय, लैंगिक र जातीय विभेदको अन्त्य गर्नका लागि सरकारले लक्षित कार्यक्रम सञ्चालन गरेमा बैंकहरु त्यस अनुरुप चल्न सक्ने बताउनु हुदै गभर्नर डा. खतिवडाले कृषिमा दिइने व्याज अनुदान व्यवस्थाको कार्यान्वयनका लागि नेपाल राष्ट्र बैंक समेतको पहल भइरहेको बताउनु भयो । सहकारी र बैंक दुबै अलग अलग सिद्धान्तबाट परिचालित हुने भएकाले यसको कार्य प्रकृति फरक हुने भएको भन्नु हुदै सहकारी संस्थाहरु ऐनले तोकेको सीमाभित्र रहेर कारोबार गर्दा सबै समुदायको हित हुने तथ्यमाथि प्रकाश पार्नु भयो । सहकारी ऐन संशोधनका अतिरिक्त सहकारी क्षेत्रको नियमनकारी तथा सुपरिवेक्षकीय निकाय छुट्टै बनाउने विधेयक व्यवस्थापिका संसदबाट निर्माण भएपछि यस क्षेत्रमा रहेको समस्या समाधान हुने विश्वास ब्यक्त गर्दै गभर्नर डा. खतिवडाले सहकारी संस्थाहरुले अधिक मुनाफाभन्दा सदस्यहरूको हितलाई बढी ध्यान दिन पनि आग्रह गर्नु भयो । अन्तरक्रिया कार्यक्रममा वालिङ्गको आर्थिक विकासका संभावना र चुनौतिमा कार्यपत्र प्रस्तुत गरिएको थियो भने त्यसमा टिप्पणी गर्दै गभर्नरले कृषि, पर्यटन,



जलस्रोत र मानव संशाधनको उचित प्रयोग गरी स्थानीय विकास गर्न सकिने कुरा प्रष्ट पार्नु भएको थियो ।

**गभर्नरको कार्यालय**
मिति २०७० पौष १६ गते, मंगलबार